## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३० सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न बनेको ऐन

प्रस्तावना:– श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न, केही कर महसूल पोत र दस्तूर लगाउन तथा लगाई राखेकोलाई चालू राख्न हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "आर्थिक ऐन, २०३०" रहेको छ।

(२) यो ऐनको दफा १,२,१३ र १७, २०३० साल आषाढ १८ गतेदेखि र अरू दफाहरू २०३० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. भन्सार महसूल:– आर्थिक वर्ष २०३०।३१ सम्म नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची १,२,३ र ४ बमोजिम भन्सार महसूल लगाइने र असूल उपर गरिनेछ।

३. बिक्री कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ।

४. हवाई उडान कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ।

५. पानी कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम पानी कर लगाइने र असूल उपर गरिनेछ।

६. आय टिकट दस्तूर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम आय टिकट दस्तूर लगाइने र असूल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. आय कर:– (१) आर्थिक वर्ष २०३०।३१ मा खेती लगायत सबै किसिमको आयमा आर्थिक ऐन, २०२९ बमोजिम आय कर लगाइने र असूल उपर गरिनेछ ।

तर, राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई पारिश्रमिक बाहेक श्री ५ को सरकारबाट प्राप्त अन्य सुविधामा आय कर लाग्ने छैन ।

(२) २०३० साल श्रावण १ गते जग्गावाल कायम रहेका व्यक्ति वा दम्पती वा परिवारको १० बिघा वा सो बराबरको जग्गाको आयलाई गणना नगरी त्यसभन्दा बढी जग्गाको आयलाई अनुसूची ५ बमोजिम निर्धारण गरी अन्य आय भए सो समेत जोडी उपदफा (१) बमोजिम आय कर लगाइने र असूल उपर गरिनेछ ।

८. शहरी क्षेत्रको घर जग्गामा कर:– आर्थिक वर्ष २०३०।३१ मा अनुसूची ६ बमोजिम शहरी क्षेत्रको घर जग्गामा घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

९. ठेक्का कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

१०. होटेल कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम होटेल कर लगाइने र असूल उपर गरिनेछ ।

११. रोपवे कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम रोपवे कर लगाइने र असूल उपर गरिनेछ ।

१२. मालपोत:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ ।

१३. रजिष्ट्रेशन दस्तूर:– आर्थिक वर्ष २०३०।३१ सम्म आर्थिक ऐन, २०२९ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ । तर अनुसूची ७ मा उल्लेख भएका विषयमा सोही अनुसूचीमा उल्लेख भएबमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१४. पानी पोत:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम पानी पोत लगाइने र असूल उपर गरिनेछ ।

१५. सवारी कर:– आर्थिक वर्ष २०३०।३१ मा आर्थिक ऐन, २०२९ बमोजिम सवारी कर लगाइने र असूल उपर गरिनेछ। सवारी कर ऐन, २०१८ अन्तर्गत श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका राजमार्गहरूको खण्ड खण्डमा भने सोही सूचनामा तोकिएबमोजिम सवारी कर लगाइने र असूल उपर गरिनेछ।

१६. सवारी साधन कर:– आर्थिक वर्ष २०३०।३१ मा ट्रक बस बाहेक अरू सबै प्रकारका शक्ति संचालित स्थलगामी सवारी साधनहरूमा अनुसूची ८ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

१७. हातहतियार दस्तूर:– आर्थिक वर्ष २०३०।३१ सम्म अनुसूची ९ बमोजिम हातहतियार दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भन्सार महसूल दरबन्दी

## अनुसूची–१

गणतन्त्र चीनको तिब्बत क्षेत्र बाहेक अन्य मुलुकहरूमा नेपाल अधिराज्यबाट निकासी हुने मालवस्तुहरूको भन्सार महसूल दरबन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | इकाई | निकासी महसूल दर |
|---|---|---|---|
| २११–०१ | गाई, गोरू, रांगा, भैंसी, चौंरी, लुसुवा, झोपा र ऐजनका बाछाबाछी, पाडा-पाडीको काँचो छाला | थान १ को रू. | ६।– |
| २११–०२ | गाई, गोरू, रांगा, भैंसी,लुसुवा, चौंरी, झोपा र ऐजनका बाछाबाछी, पाडापाडीको तयारी छाला | थान १ को रू. | ३।५० |
| २११–०३ | भेंडा, बाखा, बोका, खसी, च्यांग्रा र ऐजनका पाठापाठीको काँचो छाला | थान १ को रू. | ३।– |
| २११–०३(क) | भेंडा, बाखा, बोका, खसी, च्यांग्रा, र ऐजनका पाठापाठीको तयारी छाला | थान १ को रू. | ९।– |
| ०२३–०११ | घीउ | किलोग्राम रू. | ।४० |
| ०४२–०१ | धान | किलोग्राम रू. | ।१० |
| ०४२–०२ | चामल र चामलको कनिका | किलोग्राम रू. | ।०६ |
| २८२–०१ | फलाम र फलामको पत्रु, टुक्राटाक्री, टेम्पर नभएको रेलको फलाम स्प्रिंग समेत | किलोग्राम रू. | ।१५ |
| २८४–०१ | तामा, पितल ,कांसका धातुका पत्रु र टुक्रा | किलोग्राम रू. | १०।– |
| २८४–०१(क) | अरू पत्रुहरू | किलोग्राम रू. | ३।– |
| २९२–०१७ | तयारी खयर (कत्था) | किलोग्राम रू. | ९।– |
| २९२–०१७ | कच्छ (खयरको धूलो) | किलोग्राम रू. | ।७५ |

उपर्युक्त अनुसूची १ मा नपरेका वस्तुको निकासी भन्सार महसूल आर्थिक ऐन, २०२९ को अनुसूची १ बमोजिम असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६

## भन्सार महसूल दरबन्दी

### अनुसूची–२

नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुको भन्सार महसूल दरबन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | इकाई | भारतबाट (ए.आर. वन. फाराम बाहेक) पैपठारी भएको मालमा लाग्ने | | गणतन्त्र चीनको तिब्बत क्षेत्र बाहेक अन्यमुलुकबाट पैठारी भएको मालमा लाग्ने | |
|---|---|---|---|---|---|---|
| | | | पैठारी महसूल दर | मोलमाथि लाग्ने सर चार्ज (प्रति शतमा) | पैठारी महसूल दर | मोलमाथि लाग्ने सर चार्ज (प्रति शतमा) |
| | | | (१) | (२) | (३) | (४) |
| ०५१–०७१ | सुपारी (दक्षिणीसुपारी समेत) | किलोग्राम रू. | –।५० | | ५।७५ | |
| ११२–०३(क) | वाइन प्रति प्रूफ स्पिरिट | ग्यालन रू.<br>वा मो. प्र. श.<br>जुन बढी हुन्छ | १५०।–<br>१०० | ३५<br>३५ | १५०।–<br>१०० | ३५<br>३५ |
| | | | | हजार खिल्ली | | हजार खिल्ली |
| १२२–०२३ | सिगरेट [रू.३४।– भन्दा बढी [रू.५०।–सम्म मोल पर्ने | मो. प्र. श. | २०० | २०१– | २०० | २०१– |
| १२२–०२३(क) | सिगरेट रू.५०।– भन्दा बढी मोलपर्ने | मो. प्र. श. | २५० | २५१– | २५० | २५१– |
| ३१३–०११ | पेट्रोल | लिटर रू. | ।५२ | ।५० | १।५२ | ।५० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2660

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६२९–०९१ | पोलिथिन पाइप, सिट, चादर | मो. प्र. श. | २ | | २ | |
| ६५१–०६१ | (ख) विस्कोस रेयन एसिटेड बाहेक अरू कृतिम धागो | | | | | |
| | (१) ३० देनियर भन्दा कम्तीमा | मो. प्र.श. | ३ | | १० | |
| | (२) ३० र सो भन्दा बढी तर ७५ देनियर भन्दा कम्ती | मो. प्र. श. | ३ | | १० | |
| | (३) ७५ र सो भन्दा बढी तर ७५० देनियर भन्दा कम्तीमा | मो. प्र. श. | ३ | | १० | |
| | (४) ७५० र सो भन्दा बढी देनियरमा | मो. प्र. श. | ३ | | १० | |
| | (घ) कृतिम स्टेपल फाइवर वा सो र अन्य कुनै प्राकृतिक फाइवरको मिसोटबाट बनेको धागो | | | | | |
| | (१) गैर सेलूलोस फाइवर सयकडा ५० वा सो भन्दा बढी भएमा | मो. प्र. श. | ३ | | १० | |
| | (२) सयकडा ५० भन्दा कम्ती सयकडा १० सम्म भएमा | मो. प्र. श. | ३ | | १० | |
| | (३) सयकडा १० भन्दा कम्ती भएमा | मो. प्र. श. | ३ | | १० | |
| ६५३–०९ | अरू किसिमको कपडाहरू अन्यत्र नपरेको लुंगी, पर्दा, केमिकल प्रूफ सूति कपडा, ड्रेसिंग क्लथ समेत | मो. प्र. श. | ११ | ५ | २० | ५ |
| ६४१–०३ | साधारण प्याक गर्ने कागज (सलाई प्याक गर्ने ब्लू पेपर, क्राफ्ट पेपर, स्टार पेपर र साबून प्याक गर्ने आयल पेपर समेत) | मो. प्र. श. | १ | | | |
| ७१६–१३ | मेशिन अन्यत्र नपरेको | मो. प्र. श. | १ | | १ | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७१६–१५ | मेशिनका भागहरू, पार्टपुर्जा | मो.प्र.श. | १ | | १ | |
| ७३२–०२ | (ख) भ्यान (अगाडि सिटमात्र भएको), पिक अप भ्यान, माइक्रोबस, मिनीबस | मो.प्र.श. वा प्रति गाडि न्यूनतम रू. जुन बढी हुन्छ | ५०<br>३०००। | <br>२० | ५०<br>३०००। | <br>२० |
| ७३२–०४ | सबै किसिमको बस, ट्रक, मोटर गाडीको स्पेयर इंजिन र चेसिस | मो.प्र.श. | १७ | १० | २२ | १० |
| ७३२–०५(क) | सबै किसिमका ब्रलबेरिंग | मो.प्र.श. | १० | १० | ३० | १० |
| ८५१ | जुत्ता जात गैह्र (छालाको बाहेक) | मो.प्र.श. | ११ | | ११ | |
| ८६१–०६(क) | माइक्रो मीटर, प्रेसगेज, आयल मीटर, ग्यास मीटर वा यस्तै मीटरहरू | मो.प्र.श. | १० | | १० | |

द्रष्टव्यः– (क) टुरिष्टहरूले (पर्यटक) कार्नेमा ल्याएको गाडी वा मोटरसाइकलमा ६ महीनासम्म अस्थायी पैठारी महसूल लाग्ने छैन र सो अवधिभित्र फिर्ता लैजानु पर्नेछ ।

(ख) भारतीय गाडी बाहेक कार्ने नभएको गाडी वा मोटरसाइकल नेपाल अधिराज्यमा बिक्री गर्न पाइने छैन ।

(ग) कार्ने नभएको गाडी (मोटर कार, स्टेशन वाइगन, ल्याण्ड रोभर, जीप, बस) तथा मोटर साइकल १५ दिनसम्म अस्थायी महसूल नतिरी नेपाल अधिराज्यमा राख्न पाइनेछ । त्यसपछि २ महीना १५ दिनसम्म प्रत्येक दिन रू. ५।– अस्थायी पैठारी महसूल लिइनेछ । नेपाल अधिराज्यमा अस्थायी पैठारी गरिएको गाडी वा मोटरसाइकल ३ महीनाभन्दा बढी राख्न पाइने छैन ।

(घ) यात्रुहरूले ल्याएका सवारीका साधनहरू बिक्री गरेमा शुरूको मूल्यमा (ओरिजिनल प्राइस) प्रति वर्षको सयकडा १० प्रतिशतका दरले ह्रास (डिप्रिसियन) कटाई सो बाँकि मूल्यमा दरबन्दी बमोजिम भन्सार महसूल लिइनेछ ।

उपर्युक्त अनुसूची २ मा नपरेका वस्तुहरूको पैठारी भन्सार महसूल तथा सरचार्ज आर्थिक ऐन, २०२६ को अनुसूची २ बमोजिम असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६५

## भन्सार महसूल दरबन्दी

### अनुसूची–३

नेपाल अधिराज्यबाट गणतन्त्र चीनको तिब्बत क्षेत्रमा निकासी हुने र सो क्षेत्रबाट नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुको भन्सार महसूल र सरचार्ज आर्थिक ऐन, २०२९ को अनुसूची ३ बमोजिम असूल उपर गरिनेछ ।

## भन्सार महसूल दरबन्दी

### अनुसूची–४

भारतबाट ए. आर. वन. फारामद्वारा पैठारी हुने मालसामानमा लाग्ने सरचार्ज

| क्रम संख्या | मालको नाम | इकाई | सरचार्जको दर |
|---|---|---|---|
| १. | सबै किसिमको सूती कपडा | | माफी |
| | (क) मोटा कोरा | | " |
| | (ख) मझौला (बी) कोरा | | " |
| | (ग) मोटा धुवा वा रंगाएको | | " |
| | (घ) मझौला (ए) र (बी) धुवा रंगाएको | | " |
| | (ङ) मझौला (ए) कोरा | | " |
| २. | अरू किसिमको कपडाहरू अन्यत्र नपरेको, हैण्डलुम कपडा, तन्ना, पर्दा, केमिकल प्रूफ सूती कपडा, ड्रेसिंग क्लथ समेत | | " |
| ३. | चिया | मो.प्र.श. | ५ |

उपर्युक्त अनुसूची ४ मा उल्लेख नभएको माल ए. आर. वन फारामबाट पैठारी भएमा आर्थिक ऐन, २०२९ को अनुसूची ४ बमोजिम असूल उपर गरिनेछ ।

### खेतीको खूद आय निर्धारण दर

### अनुसूची– ५

| जग्गाको किसिम | खूद आय प्रति बिगाहा |
|---|---|
| अवल | रू. ४००।– |
| दृयम | रू. ३००।– |
| सीम | रू. २००।– |
| चाहार | रू. १००।– |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## घर जग्गा कर

### अनुसूची–६

| | | |
|---|---|---|
| रू. ५०,००० सम्म | | केही नलाग्ने |
| त्यसपछि | रू. ५०,००० मा | रू. ५ प्रति हजार |
| त्यसपछि | रू. २,००,००० सम्म | रू. १० प्रति हजार |
| त्यसपछिको | रू. २,००,००० सम्म | रू. १५ प्रति हजार |
| त्यसपछि जतिसुकैमा | | रू. २० प्रति हजार |

## रजिष्ट्रेशन दस्तुर

### अनुसूची–७

| बिगो अङ्क | राजीनामा | शेषपछिको बक्सपत्र वा अंशवण्डा |
|---|---|---|
| रू. ५०० सम्मको कागजमा | केही नलाग्ने | केही नलाग्ने |
| रू. ५०० देखि माथि रू. २५,००० सम्म | ५ प्रतिशत | ६ प्रतिशत |
| रू. २५,००० देखि माथि रू. ५०,००० सम्म | ६ प्रतिशत | ६ प्रतिशत |
| रू. ५०,००० देखि माथि रू. १,००,००० सम्म | ७ प्रतिशत | ६ प्रतिशत |
| रू. १,००,००० देखि माथि रू. ५,००,००० सम्म | ८ प्रतिशत | ७ प्रतिशत |
| रू. ५,००,००० देखि माथि | १० प्रतिशत | ८ प्रतिशत |

| | |
|---|---|
| अधिकारपत्र (मञ्जूरनामा, अख्तियारनामा) मा बिगो खोल्न नसकिने भएमा | रू. ४००।– |
| कार्यालयलाई घरमा बोलाई कागज पास गर्नेमा | रू. ५००।– |
| बिगो खोल्न नमिल्ने धर्मपुत्र राख्ने लिखतमा | रू. ५२०।– |

## सवारी साधन कर

### अनुसूची–८

| सवारीको किसिम | वार्षिक करको दर |
|---|---|
| ५० बी. एच. पी. सम्म | रू. ५ प्रति बी. एच. पी. |
| ५० बी. एच. पी. देखि माथि १०० बी. एच. पी. सम्म | रू. ६ प्रति बी. एच. पी. |
| १०० बी. एच. पी. देखि माथि १५० बी. एच. पी. सम्म | रू. ७ प्रति बी. एच. पी. |
| १५० बी. एच. पी. देखिमाथि जतिसुकैमा | रू. ८ प्रति बी. एच. पी. |
| अटोरिक्सा (टेम्पो) | रू. १५०।– |
| मोटरसाइकल, स्कूटर १५० सी. सी. सम्म | रू. ३५।– |
| मोटरसाइकल, स्कूटर १५० सी. सी. देखि माथि | रू. ५०।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## हातहतियार कर

### अनुसूची–६

| सि.नं. | हातहतियारको किसिम | दर्ता गराउँदा | | नवीकरण | | इजाजत पटक १ को |
|---|---|---|---|---|---|---|
| | | अंचलभर | अधि-राज्यभर | अंचलभर | अधि-राज्यभर | |
| १. | टोटावाल पिस्तौल, रिवल्भर वा राइफल (मिनिएचर बाहेक) | रू. ५० | रू. १०० | रू. २५ | रू. ५० | रू. ५० |
| २. | टोटावाल बन्दूक वा २२ बोर लगायत अन्य मिनिएचर राइफल | रू. ३० | रू. ६० | रू. १५ | रू. ३० | रू. २५ |
| ३. | भरुवा बन्दूक (शटगन) वा पिस्तौल | रू. १५ | रू. २५ | रू. १० | रू. १५ | रू. १० |
| ४. | हवादारी बन्दूक | रू. १० | रू. १५ | रू. १० | रू. १५ | रू. १० |

लालमोहर सदर मिति–२०३०।५।१५।६

आज्ञाले
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८२